ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था"

JYOTI BIKASH BANK LTD. KAMALADI, KATHMANDU

## प्रेस विज्ञप्ती

### ज्योति विकास बैंक लिमिटेड र यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड बीच बैंकासुरेन्स सम्झौता ।

आज मिति २०७५/०१/०७ गते शुकबार यस ज्योति विकास बैंक लिमिटेड र यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडका बीच बैंकको केन्द्रिय कार्यालय तथा देशभर रहेका शाखा कार्यालयहरु मार्फत उक्त लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको जीवन बीमा योजनाहरु विक्री गर्ने एवं अभिकर्ता तथा बीमीतहरुलाई छिटो, छरितो एवं भरपर्दो सेवा पुर्‍याउने उद्देश्येले दुई संस्थाका बीच  बैंकासुरेन्स सम्झौता भएको छ ।

सम्झौतामा यस बैंकको तर्फबाट का.मु. प्रमुख कार्यकारी अधिकृत श्री मनोज ज्ञवाली ज्यूले र इन्स्योरेन्स कम्पनीको तर्फबाट वरिष्ठ नायब महाप्रवन्धक श्री कपिल कुमार दाहाल ज्यूले हस्ताक्षर गर्नुभएको छ । यस बैंकका ग्राहकहरुले बैंकको कुनैपनि शाखाबाट उक्त इन्स्योरेन्स कम्पनीको जीवन बीमा सम्बन्धि सम्पूर्ण सेवा सहज रुपले लिन सक्नेछन् ।

हाल यस बैंकले ५० वटा शाखा एवं १४ वटा एटिएम मार्फत सेवा उपलव्ध गराउँदै आएको छ । हालसम्म बैंकले १ लाख ५० हजारभन्दा बढि खाताबाट रु. १५ अर्व ६ करोड निक्षेप संकलन गरी १० हजारभन्दा बढि ऋणी मार्फत रु. १३ अर्व ८५ करोड ऋण लगानी गर्न सफल भएको छ । बैंकको हालको चुक्तापूँजी रु.२ अर्व ५९ करोड कायम रहेको छ । यस बैंकको निकट भविष्यमा नै १० वटा नयाँ शाखा संचालनमा ल्याउने लक्ष्य रहेको छ ।

..................................
मनोज ज्ञवाली
का. मु. प्रमुख कार्यकारी अधिकृत